# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
## विराटनगर, नेपाल

०२१-५३२०२२, ५३४८००
४४०१७३, ४४०७१४
फ्याक्स : ९७७-२१-५२८४९१
इमेल : *puoemgt@wlink.com.np*
वेबसाइट: *www.puexam.edu.np*


प.सं. :
च.नं. :

*मितिः*........२०७९।०३।३१

श्री क्याम्पस प्रमुखज्यू,

**B.Sc. Nursing/PBNS अध्यापन गराउने सम्पूर्ण स्कूल/क्याम्पस/कलेजहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०७९ सालमा सञ्चालन हुने **चिकित्साशास्त्र संकाय** अन्तर्गत **स्नातक तह B.Sc.Nursing /PBNS प्रथम बर्ष नियमित रूपमा** त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **२०७९।०४।३१** गते भित्र **परीक्षा आवेदन फारम भराई मिति २०७९।०५।०१ गते भित्र नियमानुसारको परीक्षा शुल्क एवं सम्बन्धन शुल्क यस कार्यालयको नविल बैंक लि.को CALL A/C 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र **परीक्षा आवेदन फारम** मिति **२०७९।०५।०२ गते भित्र सम्बन्धित कलेजको प्रतिनिधि मार्फत पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा** उपलब्ध गराउन हुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन **फारम भर्न छुट भएमा २०७९।०५।०६ गतेसम्म परीक्षा आवेदन फारम भराई २०७९।०५।०७ गतेभित्र तपसिल बमोजिमको विलम्ब शुल्क सहित सम्बन्धित स्कूल/क्याम्पस/कलेजका प्रतिनिधी मार्फत पू.वि.,परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा परीक्षा आवेदन फाराम पठाउनु पर्नेछ ।** त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान .........यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । ***साथै परीक्षा फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालन गर्न/गराउन अनुरोध छ ।***

तपसिल

१. परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (Batch) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending Order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्नेछ ।

**२. परीक्षा आवेदन फारममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । तोकिएको कागजातहरु पुरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।**

३.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।

**४. परीक्षा आवेदन फारमको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी प्रतिशत अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ ।**

५.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।

६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू ५००।- लाग्नेछ ।

**७.परीक्षा शुरू हुनु भन्दा ७ दिन अगावै सम्बन्धित कलेजले आन्तरिक मूल्याङ्कन** On Line Entry **गरी** Hard Copy **प्रमाणित गरी पठाईसक्नुपर्ने छ । आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीले परीक्षा मा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।**

**८.परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. नियमित | रू २,०००।०० |
| २. विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र) | रू १,०००।०० |
| ३. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म) | रू २,०००।०० |
| ४. विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| **५. सम्बन्धन शुल्क B.Sc. Nursing (प्रतिविद्यार्थी प्रति वर्ष)** | **रू ११,०००।००** |
| **६. सम्बन्धन शुल्क PBNS (प्रतिविद्यार्थी प्रति वर्ष)** | **रू ११,०००।००** |

***नोटःकुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।***

--------------------

नि.परीक्षा नियन्त्रक